**आगलागीबाट सावधानी अपनाऔं ।**
निम्न कारणबाट आगलागी हुनसक्छ,
- आगोको प्रयोगमा होसियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।
नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत २३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 06 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१६

## जातीय प्रेमभन्दा वर्गीय प्रेम सही र साँचो –ओली

प्रस, वीरगंज, २२ चैत/

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले बारा क्षेत्र नं २ मा एमालेको जीत सुनिश्चित रहेको दाबी गरेका छन् ।

अखिल नेपाल पिछडावर्ग महासङ्घ



(ओबिसी)को प्रथम महाधिवेशनको वीरगंजमा उद्घाटन गर्न आएका अध्यक्ष ओली बारा क्षेत्र नं २ को चुनाव प्रचारका क्रममा आजै गढीमाई नगरपालिकामा नेकपा एमाले बारा जिल्ला कमिटीले आयोजना गरेको क्षेत्रीय कार्यकर्ता प्रशिक्षण भेला कार्यक्रममा सहभागी हुँदै उनले बारा क्षेत्र नं २ बाट एमाले उम्मेदवार पुरुषोत्तम पौडेलको जीत सुनिश्चित भएको बताए ।

उनले उपेन्द्र यादवलाई लक्षित गर्दै मोरङ, सुनसरीबाट उखेलिएका यादव सप्तरीपछि अब बारा जिल्लामा आएको र यहाँका सोझासाझा जनतालाई झुक्याउने दाउ खेलिरहेको बताए । उनले अहिले बारा क्षेत्र नं २ मा जातीय नारा चर्काइएको भन्दै यसबारेमा सतर्क रहन सबैलाई सुझाए । उनले जातपात भनेर गरिने प्रेम झूटो भन्दै वर्गीय प्रेम मात्रै सही र साँचो हुने बताए । यादवले जितेर भोकै मर्नुभन्दा अरूले जितेर खानलाउन पाए भएन ? भनेर उनले क्षेत्र नं २ का जनतासँग प्रश्न गरे ।

उपेन्द्र यादव जितेर मन्त्री बन्लान्, फूलमाला लगाउलान् तर उनको जीतबाट देशको विकास हुन्छ भनेर सोच्नु गलत हुने बताए । अध्यक्ष ओलीले एमालेको एउटै उद्देश्य देशबाट गरीबीको अन्त्य

तस्वीरः प्रतीक




रहेको बताए ।

देशमा नेकपा एमालेले कानूनी व्यवस्था, पारदर्शिता र अदालतको सम्मान चाहेको बताए । भर्खरै एकजना युवाले गृहमन्त्री पाउँदा आकाशै खस्ने गरी केही दलले अनेक मुद्दा लगाएर हटाएको आरोप लगाए । उनले अर्कोतिर जनताको मुद्दा नहेरीकन अहिले आफैं जालझेल गरेको मुद्दा हेर्न न्यायाधीशलाई भनसुन गरेको देख्दा कानूनी व्यवस्था नेपालबाट हराउँदै गएको बताए । उनले आफू सरकारमा गयो भने एक महीनाभित्र नागरिकता समस्या समाधान गर्ने बताए । मधेसी नेताहरू नागरिकताको सवालमा पटकपटक सरकारमा गएको तर सत्ता हातमा आएपछि चुप लागेर बसेकोजस्तो कार्य नेकपा एमालेले नगर्ने बताए ।

कलैया उपमहानगरका प्रमुख विनोद साहको अध्यक्षतामा भएको कार्यक्रममा सांसद अच्युत मैनाली र रघुवीर महासेठले मन्तव्य व्यक्त गरेका थिए ।

यसअघि, वीरगंजको नगर सभागृहमा अखिल नेपाल पिछडावर्ग महासङ्घको प्रथम महाधिवेशनको उद्घाटन गर्दै उनले पिछडावर्ग महासङ्घले अरू कुनै जाति, समुदायको अधिकार खोस्नेभन्दा पनि आफ्नो अधिकार र पहिचानको लागि सङ्घर्ष गरिरहेको बताए । उनले सामाजिक कुरीति, विकृति हटाउनको लागि आन्दोलन गर्न पिछडावर्ग महासङ्घलाई सुझाए । सामाजिक आन्दोलनमा एमालेले

(बाँकी अन्तिम पातामा)

## टेलिकमले सडक मरम्मत शुरू गरेपछि महानगरले फोहर उठायो

प्रस, वीरगंज, २२ चैत/

नेपाल टेलिकमले भत्किएको सडक,



बाइपास सडकखण्डको भत्किएको फूटपाथको मरम्मत गरिंदै ।

फूटपाथको मरम्मत कार्य बुधवारदेखि शुरू गरेपछि वीरगंज महानगरले पनि टेलिकम परिसरमा फालेको फोहर उठाएको छ ।

सडक, फूटपाथ मरम्मत नगरेको विरोधमा वीरगंज महानगरपालिकाले नेपाल टेलिकम प्रादेशिक कार्यालय श्रीपुर, वीरगंज कार्यालय परिसरमा मङ्गलवार फोहोर थुपारेर विरोध गरेको थियो । टेलिकमले सडक फूटपाथ मरम्मत कार्य शुरू गरेपछि बुधवार वीरगंज मनपाले पनि टेलिकममा थुपारेको फोहर उठाएको हो ।

वीरगंजको बाइपास सडकमा अप्टिकल फाइबर तार बिछ्याउने क्रममा टेलिकमले कालोपत्रे सडक र फूटपाथ खनेर महीनौंदेखि अलपत्र छाडेको आक्रोशमा मङ्गलवार वीमनपाले सात टयाक्टर फोहोर टेलिकमको कार्यालय परिसरभित्र लगेर फालेको थियो ।

महानगरको उक्त कदमपछि टेलिकमले खनेर छाडिएका सडक र फूटपाथ



टेलिकम क्षेत्रीय निर्देशनालयको परिसरको फोहर उठाउँदै । तस्वीरः प्रतीक

बुधवार बिहानैदेखि मर्मत गर्न थालेको नगरप्रमुख राजेशमान सिंहले बताए ।

मङ्गलवार साँझ टेलिकम प्रादेशिक कार्यालयका प्रमुख अनन्तप्रकाश मल्लिकले महानगरको कार्यालयमा पुगेर सडक र फूटपाथको बाँकी रहेको मर्मत कार्य चैत २७ गतेभित्र पूरा गर्ने लिखित प्रतिबद्धता जनाएका थिए ।

मल्लिकका अनुसार बाइपास सडकखण्ड अन्तर्गत गण्डक चोकदेखि रजतजयन्ती चोकसम्म तीन सय मिटर फूटपाथ मर्मत गर्न बाँकी रहेको छ । उक्त कार्य चैत २७ भित्र सक्ने गरी मर्मतको ठेक्का सकारेको पाइनस/वनके जेभी कन्स्ट्रक्सनले लिखितरूपमा प्रतिबद्धता जनाएको जानकारी पनि मल्लिकले महानगरपालिकाको कार्यालयलाई गराएका थिए । सोही प्रतिबद्धता अनुसार रोकिएको मर्मत कार्य बुधवार बिहानैदेखि शुरू गरिएको मल्लिकले बताए ।

सडक र फूटपाथ मर्मतको काम शुरू भएपछि टेलिकम परिसरभित्र थुपारेको फोहोर पनि महानगरले बुधवार हटाएको नगरप्रमुख सिंहले बताए ।

## गुठीको अतिक्रमित जग्गा छुटयाउँदै महानगर

प्रस, वीरगंज, २२ चैत/

वीरगंज महानगरपालिकाले गुठी



गुठीको अतिक्रमित जग्गामा किल्लाखुँटी गाड्दै । तस्वीरः प्रतीक

संस्थानको ११ बिघा जग्गा नापजाँच गरेर छुटयाएको छ ।

महानगरको सीमामा पर्ने पर्सागढी नगरपालिका–४ स्थित भेडाहा टोलको करीब ११ बिघा १३ कट्ठा जग्गा बुधवार नापजाँच गरेर छुटयाएको महानगरले जनाएको छ ।

भेडाहा टोलमा गुठीको नाममा करीब सय बिघाभन्दा बढी जग्गा रहेकामा आज ११ बिघा १३ कट्ठा जग्गा नापजाँच गरेर छुटयाएको र किल्लाखुटी गाडेको महानगरले जनाएको छ ।

जिपिएस, नक्शा तथा आवश्यक सामग्रीसहित टोली फिल्डमा पुगेको र जग्गा छुटयाउने काम गरेको थियो । गुठीले महानगरलाई जग्गा नापजाँच गरी छुटयाइदिन आग्रह गरेअनुरूप महानगरपालिकाको प्राविधिक टोलीले आजदेखि गुठीको जग्गा छुटयाउने काम शुरू गरेको हो ।

भेडाहा टोलमा गुठीको नाममा रहेको



जग्गामा करीब दुई सयभन्दा बढी परिवारले अतिक्रमण गरेर घर बनाइ बसेका छन् । महानगरले सार्वजनिक तथा ऐलानी जग्गा खोजी अभियान चलाए अनुसार नै गुठीको पनि जग्गा छुटयाउने काम शुरू गरेको हो ।

चैत १३ गते महानगरले वडा नं २८ दर्दवास्थित गुठीको जग्गा खेतीको लागि ठेक्का लिएर माटो उत्खनन गरेको अवस्थामा चारवटा टिपर र एक्साभेटर नियन्त्रणमा लिएको थियो । सो स्थानमा गुठीको ५२ बिघा जग्गा रहेको र महानगरले नापजाँच गरेर छुटयाएको बताइएको छ ।

नगरप्रमुख राजेशमान सिंहले ३२ वटै वडामा सार्वजनिक तथा ऐलानी जग्गाका साथै गुठीको जग्गा खोजी गर्ने अभियान चलाएको बताउँदै यस्ता जग्गा कतै अतिक्रमण भएको सूचना भए आफूलाई जानकारी दिन आग्रह गरे ।

जग्गा नापजाँच गर्न गुठी संस्थान पर्साका प्रमुख चुडामणि घिमिरे, नापी

(बाँकी अन्तिम पातामा)

## मनोज ग्याँसद्वारा सुखचैनाको विद्यालयलाई आर्थिक सहयोग

प्रस, वीरगंज, २२ चैत/

मनोज ग्याँस उद्योग प्रालिले व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत बुधवार श्री नेरा गीता गजेन्द्रराज जोशी माध्यमिक विद्यालय, वीरगंज–२१, सुखचैनालाई आर्थिक सहयोग गरेको छ । विद्यालयका एकजना शिक्षकको एक वर्षको तलबबापत एक लाख ४४ हजार आर्थिक सहयोग गरेको हो ।

मनोज ग्याँसका सञ्चालक मनोजकुमार दासले विद्यालयका प्रधानाध्यापक रामनारायण मिश्रलाई एक लाख ४४ हजार रकमको चेक हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिले राउन्ड टेबल नेपालसमक्ष थप कक्षाकोठाहरू बनाइदिन आग्रह गरेको थियो ।

राउन्ड टेबल नेपाल अन्तर्गतको वीरगंज राउन्ड टेबल–३ ले सन् २०१० मा पाँचवटा कक्षाकोठाको भवन निर्माण गरी विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरेको कार्यक्रममा जानकारी गराइएको थियो ।

वडाध्यक्ष राधाकृष्ण रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य सरोज यादव, पूर्वअध्यक्ष तथा समाजसेवी जीतेन्द्र कुर्मी, राउन्ड टेबल इन्टरनेशनल एशिया प्यासिफिकका अध्यक्ष सौरभ केडिया, वीरगंज राउन्ड टेबल–३ का अध्यक्ष अमन मित्तललगायतको सहभागिता थियो ।




तस्वीरः सौजन्य

हार्दिक समवेदना



जन्म
२००९/१०/११

स्वर्गारोहण
२०७९/१२/१८

स्व उमाशङ्कर द्विवेदी

यस दैनिकका स्तम्भकार **उमाशङ्कर द्विवेदी**को असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकाकूल परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री गहवामाईले प्रदान गरून् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रतीक दैनिक परिवार**

**विचारसार एवं सूक्तिहरू**

**पूँजीको प्रयोग सत्प्रयोजनका निमित्त गरिँदैन भने त्यो भार सरह भएर बस्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# स्थानीय न्यायिक समिति

**नेपालको संविधानले न्याय सम्पादनको अधिकार तीन तहका अदालतलाई दिइएको भए तापनि संविधान र कानून बमोजिम केही न्यायिक अधिकार स्थानीय तहलाई पनि दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमका क्षेत्राधिकार दिइएको छ। पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने सामान्य किसिमका विवाद निरूपणको जिम्मा स्थानीय तहको न्यायिक समितिलाई छ। प्रत्येक गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति हुन्छ।**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला–मजदूरी नदिएको, घरपालुवा पशुपक्षी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पति–पत्नीलाई इज्जत आमद अनुसार खानलाउन वा शिक्षादीक्षा नदिएको, वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घरबहाल र बहाल सुविधा, अरूको घरजग्गा वा सम्पत्तिलाई असर पर्नेगरी रूखबिरुवा लगाएको, बलेसीबाट अर्काको घरजग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, घर बनाउँदा कानूनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएकोलगायतका विवादको निरूपण गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई छ। त्यसैगरी, कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वकालदेखि सार्वजनिकरूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटीपौवा, अन्त्येष्टिस्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिकस्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको, सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेकोलगायतका विवादको सुनुवाइ न्यायिक समितिले गर्न पाउँछ। सरकारी सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले मिची खाएको, अरूको जग्गामा घर वा कुनै संरचना बनाएको, पतिपत्नीबीचको सम्बन्धविच्छेद, अङ्गभङ्गबाहेक बढीमा एक वर्षसम्म कैद हुन सक्ने, कुटपिट, गाली–बेइज्जती, लुटपिट, पशुपक्षी छाडेको वा लापरबाही गरी पालेर अरूलाई असर पुऱ्याएको, अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोगचलन गरेको, ध्वनि प्रदूषण गरी वा फोहरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको, कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर भएका र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादलाई न्यायिक समितिले मेलमिलापको माध्यमबाट विवाद निरुपण गर्न सकिन्छ। यस्ता मुद्दामा न्यायिक समितिले हारजितको फैसला सुनाउन भने पाउँदैन।**

**न्यायिक एकाइमा पर्न आउने सबै प्रकृतिका मुद्दाको कारबाई किनारा गर्ने समय, विधि र प्रक्रियाहरू छन्। प्रहरी र अदालतमा पर्ने अधिकांश मुद्दा उल्लिखित प्रकृतिका हुन्। यसलाई स्थानीय न्यायिक एकाइमा नै सुनुवाइ भएमा अदालतमा [redacted]ाथै पीडितले सहजरूपमा न्याय [redacted]यायिक एकाइका पदाधिकारीहरूमा [redacted], दक्ष जनशक्ति, इजलास र स्रोत [redacted] पालिकाले नै न्यायिक एकाइबारे [redacted]। तसर्थ पहिले पालिकाको [redacted]री छ।**

# स्वास्थ्य सचेतना र समस्या

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**एकजना मानिस अस्वस्थ हुँदा वा दुर्घटनामा पर्दा परिवारको समय र अर्थ खर्च हुन्छ। साथै सम्पूर्ण परिवार र सबै आफन्त तथा शुभचिन्तक पनि चिन्तित हुन्छन्। एकलाई समस्या हुँदा स्वाभाविक रूपमा अर्को मानिस पनि प्रभावित बन्न पुग्दछ।**

मानिसका पाँच आधारभूत आवश्यकतामध्ये एउटा स्वास्थ्य हो। गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यमध्ये स्वास्थ्यलाई पाँचौं स्थानमा राखिएको पाइन्छ। स्थान पाँचौं भन्नुभन्दा क्रममा पाँचौं रहने गरेको छ। यद्यपि क्रमले केही हुने होइन। हरेक मानिसले बुझ्ेको सोझ्ो कुरो हो कि सबैभन्दा बढी र पहिलो आवश्यकता उसलाई खानाको हुन्छ। मानिसलाई बस्नको लागि घर चाहिन्छ। शरीर ढाक्न तथा जाडो, गर्मी र वर्षाको प्रकोपबाट जोगिन उसलाई कपडा चाहिन्छ। यसैगरी ज्ञानविना मानिस र अन्य जीवमा कुनै फरक नहुने भएकोले उसलाई ज्ञान चाहिन्छ। ज्ञानको सबैभन्दा महत्त्वपूर्ण माध्यम शिक्षा हो। यसैगरी खान, लाउन र शिक्षा पाउन मानिस स्वस्थ हुनैपर्छ।

पहिले स्वास्थ्य भनेर शरीरमा कुनै रोग नहुनु हो भनेर बुझ्िन्थ्यो। बिस्तारै मानसिक स्वास्थ्यको कुरा पनि स्वास्थ्यमा जोडिँदै आयो। अब शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा सामाजिक स्वास्थ्यको कुरो आइसकेको छ। संयुक्त राष्ट्र सङ्घको विश्व स्वास्थ्य सङ्गठनले पनि शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यको चर्चा गर्ने गरेको छ। सबै तरहले मानिस स्वस्थ हुनुपर्छ। यसैले एकजना मानिस स्वस्थ हुनका लागि उसको शरीरका साथै मानसिक र पूरै परिवारको स्वास्थ्य पनि ठीक हुनुपऱ्यो र सामाजिक स्वास्थ्य पनि ठीक हुनुपऱ्यो। किनकि अब व्यक्तिगत मात्र होइन, विस्तृत क्षेत्र स्वस्थ हुनुपर्ने अवधारणा आइसकेको छ।

सर्वसाधारण मानिसले पनि स्वास्थ्यबारे जानकारी प्राप्त गरिरहेका हुन्छन्। आजभोलि गाउँगाउँमा इन्टरनेटको सुविधा आइसकेको छ। इन्टरनेटको सुविधाको कारण मानिसहरूले सामाजिका सञ्जालसित नाता जोडिसकेका छन्। सामाजिक सञ्जालमा मानिस निकै अभ्यस्त भइसकेका छन्। सम्भवतः यो चरम अवस्था हो। जुनसुकै ठाउँ र काममा अलिकति समय मिल्यो कि मानिस मोबाइल चलाउन थाल्छन्। मोबाइल चलाउँदा मानिस सामान्यतया दुई कुरामा बढी केन्द्रित हुन्छन्। पहिलो– सामाजिक सञ्जालको प्रयोग र दोस्रो कुनै गेम। सबैभन्दा बढी मानिस यही दुई कुरामा आफूलाई व्यस्त बनाइरहेका छन्। सामाजिक सञ्जालको क्षेत्र पनि निकै विशाल र व्यापक भइसकेको छ। यस व्यापकताको एउटा कुना स्वास्थ्य क्षेत्र पनि हो। आजभोलि स्वास्थ्यसित सम्बन्धित निकै धेरै सामग्री सामाजिक सञ्जालमा पाइन थालेको छ। यद्यपि सबै आधिकारिक नै हुन्छ भन्ने होइन, तर मानिसलाई भने धेरै कुराको साधारण जानकारी सामाजिक सञ्जालबाट भइरहेको हुन्छ। तर के भनिन्छ भने सामाजिक सञ्जालमा आएका सबै कुरा आधिकारिक नहुन पनि सक्छ।

स्वास्थ्यसम्बन्धी कतिपय सचेतनामूलक सामग्रीहरूले मानिसलाई सचेत तुल्याउने तथा जानकारी दिने काम गरिरहेका छन्। तर सामाजिक सञ्जालमा आएको सामग्रीलाई आधिकारिक मानिरहेका छैनन् मानिसहरूले। कुनै काम लाग्ने कुरो आएपछि त्यसको आवश्यकता छ वा त्यसको प्रयोग गर्नुहुन्छ कि हुँदैन भन्नेबारे स्वास्थ्यकर्मीसँग बुझ्ने काम पनि गरिरहेका छन् मानिसहरूले। यसलाई राम्रो पक्ष भन्न सकिन्छ। यद्यपि यस प्रकारको स्वास्थ्य सचेतना भने निकै कम मानिसमा देखिन्छ। स्वास्थ्यबारे खासै धेरै नजान्ने वा आधिकारिक मानिस नभए पनि कतिपय आफूलाई काम लाग्ने जानकारी भेटिंदा सामाजिक सञ्जालमा शेयर गरिदिने प्रवृत्ति बढेको छ। वास्तवमा स्वास्थ्यसम्बन्धी जानकार मानिस, चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित संस्थाहरूले स्वास्थ्य–चेतनासम्बन्धी सामग्री सामाजिक सञ्जालमा राख्दा धेरै मानिसले पत्याइरहेको भए पनि आफूले सोही कुरो लागू गर्नुपर्दा चिकित्सकसँग अवश्य सल्लाह गर्ने गरेका छन्। स्वास्थ्य सचेतनाको पक्षमा देखिएको यो निकै राम्रो पक्ष हो।

स्वास्थ्यसम्बन्धी सचेतना विस्तारको लागि विद्यालयमा स्वास्थ्य विषयको पढाइ नै हुन्छ। स्वास्थ्य विषयले स्वास्थ्य र सरसफाइको महत्त्व तथा आवश्यकता, स्वस्थ रहने तरीका तथा विभिन्न रोगबारे सामान्य जानकारी दिन्छ। रोगको नाम, लक्षण तथा जोगिने उपायबारे जानकारी दिन्छ। स्वास्थ्यसम्बन्धी सचेतनाको लागि स्वास्थ्य विषयको पठनपाठन निकै महत्त्वपूर्ण साबित भएको छ। यस विषयले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ। स्वास्थ्यका साथै पाठ्यक्रममा समावेश जनसङ्ख्याले नेपालको जनसङ्ख्या वृद्धिदर नियन्त्रण गर्न निकै महत्त्वपूर्ण भूमिका खेलेको विश्वास गरिएजस्तै स्वास्थ्यसम्बन्धी जनचेतना विस्तारमा विद्यालय तथा विश्वविद्यालयस्तरमा अध्ययन अध्यापन हुने स्वास्थ्य विषयले पनि ठूलो योगदान दिएको कुरा अस्वीकार गर्न सकिन्न।

स्वास्थ्यको सम्बन्ध शिक्षासँग भएजस्तै अर्थसित पनि हुन्छ। आर्थिक रूपले सम्पन्न वा सक्षम व्यक्तिसँग स्वास्थ्य चेतना हुँदा स्वास्थ्यप्रति ऊ अझ्ै बढी गम्भीर हुन सक्छ तर आर्थिकरूपले विपन्न वा सक्षम हुन नसक्ने मानिसलाई आफू रोगी भएको जानकारी हुँदाहुँदै पनि उपचारमा समस्या हुन सक्छ। यस्तो देखिएको पनि हो। नेपाल आर्थिकरूपले सम्पन्न मुलुक होइन। विपन्न समुदाय तथा गरीबीको रेखामुनि तथा अशिक्षित यहाँका नागरिक स्वास्थ्यबारे उति सचेत पनि छैनन्। जहाँ साक्षरताको कमी छ, र सम्पन्नताको अभाव छ अर्थात् जहाँका मानिस शैक्षिक र आर्थिकरूपले पछाडि परेका छन् त्यहाँ निश्चितरूपले स्वास्थ्य क्षेत्र पनि पछाडि परेको हुनुपर्छ। यसरी स्वास्थ्यको सम्बन्ध शिक्षा र चेतनासँगै आर्थिक पक्ष पनि हुने गर्दछ। मानिसमा स्वास्थ्य सचेतनासँगै सबलताको लागि आर्थिक सक्षमता पनि आवश्यक छ।

यद्यपि सरकारले स्वास्थ्यको धेरै क्षेत्रमा लगानी गरेको छ। माथि नै चर्चा भइसकेको छ कि शिक्षाको माध्यमले पनि स्वास्थ्यको चेतना सरकारले विद्यालय तथा विश्वविद्यालयमार्फत दिइरहेको छ। यसैगरी कुनै बालबालिका आमाको गर्भमा हुँदादेखि नै उसको राम्रो स्वास्थ्यको लागि राज्यले काम गरिरहेको हुन्छ। विभिन्न खोप दिने, अन्य औषधिहरू उपलब्ध गराउने, चेकजाँच गर्ने अवसर सरकारले उपलब्ध गराएको छ। यसैगरी अस्पतालको सुविधा छ। सुत्केरी गराउने अस्पतालहरू पनि बनेका छन्। बालबालिकाको राम्रो स्वास्थ्यको लागि पोषणभत्ता पनि उपलब्ध गराएको छ। स्वास्थ्यसम्बन्धी अन्य गतिविधिहरू सरकारले निरन्तर चलाइरहेको छ। यसैगरी समय समयमा आउने विभिन्न महामारीको समयमा पनि राज्यले सर्वसाधारणको स्वास्थ्यको क्षेत्रमा निकै ठूलो लगानी गर्ने गरेको छ।

स्वास्थ्य भन्ने कुरो दैनिकीसित जोडिएको हुन्छ। मानिस हरेक क्षण स्वस्थ हुनुपर्छ। मानिसको स्वास्थ्य कतिखेर बिग्रन्छ भन्ने निश्चित हुँदैन। तर पनि सरकारले गरिरहेको लगानीको प्रतिफल सकारात्मक देखिएको छ। यही कारण देशका नागरिकको औसत आयु बढिरहेको छ। देशमा स्वास्थ्यसम्बन्धी चेतनाको विस्तार भइरहेको छ र अनेक राम्रा अस्पतालहरू पनि खुलिरहेका छन्। स्वास्थ्य संस्थाप्रति विश्वास बढिरहेको छ। यसले गर्दा अहिले यो पनि प्रवृत्ति देखिएको छ कि हुनेखाने र केही सचेत मानिसले बाहिरबाट हेर्दा आफू स्वस्थ रहे पनि आफ्नो स्वास्थ्यको नियमित जाँच गराइरहेका छन्। भविष्यमा कुनै रोग नलागोस् भनेर मानिस सचेत बन्दै गएको देखिएको छ।

अहिलेको अवस्था यस्तो छ– अस्पताल धेरै खुलेका छन्। धेरै अस्पताल खुल्दा पनि सबैमा भीडभाड देखिने गरेको छ। राम्रा र ठूला भनिएका वा सर्वसाधारणको विश्वास आर्जित गरेका भरपर्दा अस्पतालहरूमा जहिले पनि भीडभाड रहने गरेको छ। यसबाट दुई पक्ष उजागर हुन्छ। पहिलो, मानिस स्वास्थ्यप्रति सचेत भइरहेको छ र दोस्रो, स्वास्थ्यसम्बन्धी समस्या पनि बढिरहेको छ। विश्वसनीय स्वास्थ्य प्रतिष्ठानहरूमा हुने भीडले मानिसमा स्वास्थ्य चेतनाका साथै समस्या पनि बढेको देखाउँछ। उसो त बदलिंदो जीवनशैली र खानपानको कारणले मानिसमा स्वास्थ्यसम्बन्धी समस्या देखा परिरहेको भनाइ छ। दुर्घटनाले पनि स्वास्थ्यमा ठूलो समस्या ल्याइरहेको छ। हरेक दिन दुर्घटनाका कुनै न कुनै खबर आइरहन्छ।

एकजना मानिस अस्वस्थ हुँदा वा दुर्घटनामा पर्दा परिवारको समय र अर्थ खर्च हुन्छ। साथै सम्पूर्ण परिवार र सबै आफन्त तथा शुभचिन्तक पनि चिन्तित हुन्छन्। एकलाई समस्या हुँदा स्वाभाविक रूपमा अर्को मानिस पनि प्रभावित बन्न पुग्दछ। वर्तमान अवस्थामा स्वास्थ्य र यससँग सम्बन्धित सचेतनामा अझ्ै विस्तार गर्नुपर्ने देखिएको छ। सबैभन्दा ठूलो कुरो सचेतना हो। सचेत भएपछि व्यवहारमा लागू गर्न प्रोत्साहित गर्नुपर्छ तर हाम्रो समाज अझ्ै अशिक्षित रहेकोले धेरै हदसम्म स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमलाई निरन्तर विस्तार गर्नुपरेको छ र सम्बन्धित चेतनालाई व्यवहारमा प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने आवश्कता रहेको छ।

# सिम्रौनगढमा वाइसिएलको भेला




तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, २२ चैत/

सिम्रौनगढ नगरपालिका–१० देवापुर टेटामा वाइसिएल नेपालको भेला बुधवार सम्पन्न भएको छ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा बारा इन्चार्ज अनिल श्रेष्ठको प्रमुख आतिथ्य र वाइसिएल बाराका अध्यक्ष शुभनारायण पटेलको विशिष्ट आतिथ्यमा भएको भेलाको अध्यक्षता गुड्डु अन्सारीले गरेका थिए। भेलाले ३१ सदस्यीय वाइसिएल वडा कमिटी गठन गरेको छ।

वडा कमिटीका अध्यक्ष सिकिन्द्र यादव, उपाध्यक्ष ललन यादव, सचिव इर्शाद हवारी, कोषाध्यक्ष धर्मेन्द्र पासवान र सदस्यहरूमा शाह महम्मद, सुनीता देवी, मुमिताकुमारी यादव, शनिकुमार, लालबाबू यादवलगायत छन्।

कार्यक्रममा नेकपा माओवादी केन्द्र सिम्रौनगढ नगर कमिटी अध्यक्ष श्यामकिशोरप्रसाद यादव, वाइसिएल क्षेत्र नं १ (ख)का इन्चार्ज सञ्जय यादव, जयप्रकाश यादवलगायतको सहभागिता थियो।

# मुस्लिम कैदीलाई इफ्तारी

प्रस, वीरगंज, २२ चैत/

रमजानको अवसरमा वीरगंज



तस्वीरः प्रतीक

महानगरका प्रमुख राजेशमान सिंहले कारागारका मुस्लिम कैदीबन्दीहरूलाई इफ्तारी गराएका छन्।

कारागारमा रहेका दुई सय मुस्लिम कैदीबन्दीलाई बुधवार उनले साँझको इफ्तारीको लागि आवश्यक खाद्यान्न सामग्रीहरू उपलब्ध गराएका हुन्।

नगरप्रमुखका प्रतिनिधि अफरोज आलमले कारागार प्रशासनका फिरोज अन्सारीलाई सो सामग्री हस्तान्तरण गरेका थिए।

नगरप्रमुखले व्यक्तिगत खर्चबाट इफ्तारीको सामग्री उपलब्ध गराएको प्रतिनिधि आलमले बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४८

# सहकारीलाई पूँजीवादीकरण हुनबाट रोक्नुपर्छ -प्रधानमन्त्री

काठमाडौं, २२ चैत/रासस

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहकारी आन्दोलनलाई पूँजीवादीकरण हुनबाट रोक्नुपर्ने बताएका छन् ।



तस्वीरः रासस

पार्टी सम्बद्ध भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण विभागले बुधवार आयोजना गरेको सहकारीकर्मीको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सहकारी आन्दोलनलाई समाजवादको आधार खडा गर्ने साधनको रूपमा विकसित गर्नुपर्ने बताए । प्रधानमन्त्री प्रचण्डले भने, “संविधानसभाबाट नयाँ संविधान बनाउँदै गर्दा हामीले देशको राजनीति, अर्थनीति, शासन प्रणाली कस्तो हुने भन्नेबारे लामो, गम्भीर, बहुपक्षीय र बहुआयामिक छलफल गरेका थियौं । सोही छलफलको जगमा अबको राज्य समाजवाद उन्मुख हुनेछ भनिएको हो । समाजवाद उन्मुख राज्यको महत्त्वपूर्ण आधार सहकारी आन्दोलन हो । तसर्थ हामीले यसलाई पूँजीवादीकरण हुनबाट रोक्नुपर्छ ।”

संविधानमा तीन खम्बे अर्थनीतिको व्यवस्था गरिएको उल्लेख गर्दै उनले सार्वजनिक, निजी, साझेदारी र सहकारीलाई सँगसँगै अगाडि बढाउनुपर्नेमा जोड दिए । निकै ठूलो सङ्घर्ष र बलिदानको जगबाट प्राप्त भएको सो उपलब्धिलाई जोगाउँदै अगाडि बढ्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्री प्रचण्डले भने, “संविधानले परिलक्षित गरे अनुसार समाजवादको आधार तयार पार्नसमेत सहकारी क्षेत्रको निकै ठूलो भूमिका रहन्छ । संविधानमा जेजति मौलिक हकको व्यवस्था गरिएको छ, त्योसमेत समाजवादको आधार निर्माणसँग सम्बन्धित छ ।”

“संविधान र सङ्घीयताको कार्यान्वयनमा हाम्रा बहस छन् । कतिपय शक्ति परिवर्तनका मुद्दा उल्टाउने, समाजवादको आधार निर्माणमा अवरोध सिर्जना गर्ने काम गरिरहेका छन्,” प्रधानमन्त्री प्रचण्डले भने, “सहकारी आन्दोलनलाई पूँजीवादीकरण गर्ने सोच पनि समाजवादको आधार निर्माणमा अवरोध सिर्जना गर्ने विचार र मनोविज्ञानद्वारा निर्देशित छ ।”

सहकारी आन्दोलनलाई उत्पादनसँग नजोडी समाजवादको आधार निर्माण हुन सक्ने भएकाले कृषिमा आधारित उत्पादन सहकारीको निर्माण, परिचालन, बजारीकरण आवश्यक रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ । “नेपालको सन्दर्भमा आत्मनिर्भर अर्थतन्त्रको प्रमुख आधार कृषि क्षेत्र नै हो । यसलाई ठीक ढङ्गले बुझेर राज्यले लगानी केन्द्रित गर्न आवश्यक छ । उद्योगको हकमा पनि कृषिमा आधारितबाहेक अरू उद्योग दीर्घकालीन समाधान होइन । कृषिको सहकारीकरणमार्फत मात्र आयात प्रतिस्थापन र आत्मनिर्भर अर्थतन्त्र सुदृढ गर्न सकिन्छ,” प्रधानमन्त्री प्रचण्डले भने ।

सम्बोधनका क्रममा प्रधानमन्त्री प्रचण्डले नयाँ सरकारले पूर्णता प्राप्त गरिसकेकाले अब सरकारको सम्पूर्ण ध्यान नयाँ आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट निर्माणमा केन्द्रित हुने बताए । प्रधानमन्त्री प्रचण्डले भने, “कठिन परिस्थितिमा सरकारको नेतृत्व गरिरहेको छु । चुनौती नै चुनौतीका बीचसमेत देशका लागि केही गर्न सकिन्छ भन्ने दृढतासहित सरकारको नेतृत्व गरिरहेको छु । यसलाई मैले चुनौतीपूर्ण अवसर भनेको छु ।”

आज वा भोलिमा सरकारले शतप्रतिशत पूर्णता पाउने जानकारी दिंदै प्रधानमन्त्री प्रचण्डले अब नीति, कार्यक्रम र बजेटमा केन्द्रित हुने जानकारी दिए । प्रधानमन्त्री प्रचण्डले भने, “परम्परागत नीति, कार्यक्रम र बजेटले देशका समस्या सम्बोधन गर्न सक्दैन, अर्थतन्त्रका चुनौती पार लगाउन सक्दैन । त्यसैले विगतभन्दा केही नयाँ, विगतभन्दा केही फरक र देशको अर्थतन्त्रमा गुणात्मक प्रभाव राख्ने योजना ल्याउनुपर्छ । सत्ता समीकरणको चरित्रलाई समेत ध्यान दिंदै केही न केही नयाँ गर्छौं ।” कार्यक्रममा माओवादी केन्द्रका नेताहरू अग्निप्रसाद सापकोटा, लीलामणि पोखरेललगायतको सहभागिता थियो ।

# सिंचाइ मिटरको महसूल नगरपालिकाले भुक्तानी गर्ने

गोलबजार, २२ चैत/रासस

सिराहाको धनगढीमाई नगरपालिकाले कृषकको सिंचाइ मिटरको बिल भुक्तानी गर्ने भएको छ । नगरपालिकाले सूचना जारी गर्दै चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुरूप बिल भुक्तानी गर्न लागेको जनाएको छ ।

किसानलाई प्रोत्साहन गर्न तथा कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने उद्देश्यले ‘कृषि मिटरको विद्युत् महसूल भुक्तानी गर्ने कार्यक्रम’ अन्तर्गत नगरपालिकाले सिंचाइका विद्युत् महसूल भुक्तानी गर्ने धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले जानकारी दिए । नगरपालिकाले निश्शुल्क बिजुली उपलब्ध गराउने भएपछि यहाँका कृषक खुशी भएका छन् ।

धनगढी–१ की किसान बेचनीकुमारी यादव उत्पादनको मूल्य नपाएको तथा मल र बीउ समयमैं प्राप्त गर्न नसकेको अवस्थामा नगरपालिकाले महसूल तिर्ने कार्यक्रमबाट राहत मिलेको बताइन् । “सिंचाइ गर्न डिजेल पम्प चलाउँदा मर्कामा परेका थियौं, निश्शुल्क विद्युत् उपलब्ध गराउँदा राहत पाइने भयो,” उनले भनिन् ।

धनगढीमाई नगरपालिकाले शुरू गरेको ‘कृषि मिटरको विद्युत् महसूल भुक्तानी गर्ने कार्यक्रम’ स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमूना भएको स्थानीय श्याम यादवले बताए । यसबाट कृषक खेतीतर्फ आकर्षित हुने उनको भनाइ छ ।

असार मसान्तसम्मको महसूल कृषक आफैंले र साउनदेखिको सिंचाइ महसूल नगरपालिकाले तिर्ने धनगढीमाई नपाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेले जानकारी दिए । उनले भने, “सिंचाइमा अनुदान दिए, कृषि क्षेत्र विस्तार भएमा कृषि उत्पादन बढ्ने र किसानको आर्थिक अवस्थामा पनि सुधार आउनेछ ।”

कृषि मिटरको महसूल भुक्तानीका लागि आगामी वैशाख ४ गतेभित्र निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, २०७९ असारसम्मको भुक्तानी गरेको बिजुलीको सक्कली रसिद तथा २०७९ साउनदेखिको भुक्तानी दिन बाँकी सक्कली बिल र वडा कार्यालयको सिफारिशपत्र कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।



**बिक्रीमा राखिएको माछाको सुकुटी:** ताप्लेजुङ र पाँचथर जिल्लाको सङ्गमस्थल मेची राजमार्गको किनारास्थित काबेली खोला क्षेत्रमा बिक्रीमा राखिएको माछाका सिकुटी । प्रतिपेरुङ्गो माछा रु एक हजार १०० मा खरीद–बिक्री हुँदै आएको छ । तस्वीरः रासस

# सिम्रौनगढका तत्कालीन प्रप्रअसहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा

प्रस, सिम्रौनगढ, २२ चैत/

सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासैनी, हाल सिम्रौनगढ नपामैं कार्यरत लेखा अधिकृत समरेन्द्रप्रसाद चौधरी र जिन्सी शाखा प्रमुख सुरेशप्रसाद यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधवार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

उनीहरूविरुद्ध रु एक लाख ९९ हजार ८९७ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले बताए । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मरासैनीको पालामा सफ्टवेयर खरीद गर्न रकम निकासा भएको तर प्रयोग नगरिएको पाइएपछि अख्तियारले सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गराएको आरोपमा अनुसन्धानपछि भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको हो ।

लेखा अधिकृत चौधरी र जिन्सी प्रमुख यादव भने अहिलेसम्म सोही कार्यालयमा कार्यरत छन् । उनीहरूविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेपछि स्वतः निलम्बनमा परेका र बुधवारदेखि कार्यालयमा आएका छैनन् ।

# सामानसहित दुईवटा ट्रक नियन्त्रण

प्रस, वीरगंज, २२ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिल बिजकभन्दा बढी खुद्रा, कष्मेटिक, हार्डवेयर, औषधि र लत्ताकपडा बोकेको दुईवटा ट्रकलाई नियन्त्रणमा लिएको छ ।

वीरगंजबाट कलैया र बिराटनगर तर्फ लैजादै गरेको ना ३ च ३१५० र ना ३ ख ५८९९ नम्बरको ट्रकलाई घण्टाघर र गण्डकमा चेकजाँच गर्ने क्रममा बिलबिजकभन्दा बढी विभिन्न सामान भेटिएपछि कारबाईको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।


तस्वीरः सौजन्य

# आयोजना कार्यान्वयन प्रभावकारी बनाउन विश्व बैंक र एडिबीको आग्रह

काठमाडौं, २२ चैत/रासस

नेपालका दुई ठूला विकास साझेदार विश्व बैंक र एशियाली विकास बैंक (एडिबी)का प्रतिनिधिले अर्थमन्त्री डा प्रकाशशरण महतसँग छलफल गरेका छन् ।

विश्व बैंकको टोलीले मङ्गलवार र एडिबीको टोलीले बुधवार बिहान उनीहरूसँग छलफल गरेका हुन् । छलफलका क्रममा ती दातृ निकायले नेपालमा लगानी गरेका विभिन्न आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न अर्थमन्त्रीसँग आग्रह गरेका छन् ।

“उहाँहरू नेपाललाई सहयोग गर्न उत्साहित हुनुहुन्छ, उहाँहरूको चासो र चिन्ता भनेको दिइएको सहयोग समयमा खर्च हुन सकेन भन्नेमा छ,” आज बिहान एडिबीका देशीय निर्देशक अर्नौड काउसिससँगको छलफलपछि प्रतिक्रिया दिंदै अर्थमन्त्री महतले भने, “आयोजनाको जग्गा अधिग्रहण (साइट क्लियरेन्स) समयमा नभएर समस्या भएको छ, त्यस कारण ठेक्का प्रक्रिया अघि बढ्न नसकेको र कामले गति लिन सकेको छैन भन्ने उहाँहरूको चासो छ ।”

छलफलका क्रममा नयाँ विकास आयोजना र कार्यक्रमबारे पनि छलफल भएको उनले बताए । “उहाँहरूले विभिन्न क्षेत्रमा सहयोग गर्न चाहन्छौं भन्नुभएको छ, एशियाली विकास बैंकले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना र विश्व बैंकले माथिल्लो अरुण जलाशययुक्त जलविद्युत् आयोजनामा चासो देखाइरहेका छन्, त्यस्तै सडक आयोजनाहरूमा पनि बजेटरी सहयोगका लागि उनीहरूको चासो छ,” अर्थमन्त्री महतले भने ।

नेपालले अनुदान र सहुलियतपूर्ण ऋणलाई बढी प्राथमिकता दिनेबारे ती विकास साझेदारलाई आफूले जानकारी गराएको पनि मन्त्री महतको भनाइ छ । “उहाँहरूले अझै धेरै सहयोग गर्न चाहेको बताइरहँदा हामीले पनि अनुदान र सहुलियतपूर्ण ऋणलाई प्राथमिकतामा राख्ने भनेका छौं, यसमा उहाँहरू पनि सहमत हुनुहुन्छ,” उनले भने ।

नेपालको समग्र आर्थिक अवस्था सुधारका लागि सरकारले चाल्ने कदमबारे पनि विश्व बैंक र एडिबीले चासो देखाएका छन् । तत्कालीन आर्थिक समस्या र सरकारको प्राथमिकताबारे अर्थमन्त्रीसँग चासो राखेका थिए । अर्थतन्त्रमा देखिएका समस्या समाधान र मुख्यगरी खर्च गर्ने क्षमतामा देखिएको समस्यालाई बिस्तारै हटाउँदै जानेबारे प्रतिबद्ध रहेको अर्थमन्त्री महतले बताए ।

अर्थमन्त्रीका रूपमा कार्यभार सम्हालेलगत्तै महतले नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्ड, निजी क्षेत्रका छाता सङ्गठनहरू, विकास साझेदारलगायत क्षेत्रसँग परामर्श थालेका छन् । तत्कालीन अवस्थामा अर्थतन्त्रमा खस्किएको मनोबल उकास्नु आफ्नो पहिलो काम हुने पनि उनले बताउँदै आएका छन् ।

# अज्ञात समूहद्वारा हात्तीको सुँड काटियो

चितवन, २२ चैत/रासस

पर्यटकीय नगरी सौराहामा बाँधेर राखिएको एक हात्तीको सुँड काटिएको छ । पर्यटन व्यवसायी दीपेन्द्र खतिवडाको उक्त हात्तीको सुँड गएराति काटिएको हो ।

सौराहास्थित रेस्टुराँ एन्ड बार एशोसिएशनका पूर्वअध्यक्षसमेत रहेका खतिवडाका अनुसार गएराति ११:३० बजेतिर हात्तीसारमा बाँधेर राखिएको हात्तीको सुँड धारिलो हतियार प्रहार गरी काटिएको अवस्थामा भेटिएको थियो । हात्ती पीडाले कराएपछि हेर्न जाँदा यस्तो घटना देखिएको उनको भनाइ थियो ।

हात्तीलाई मार्ने उद्देश्यले नै सुँड काटिएको हुन सक्ने खतिवडाले बताए । उनका अनुसार ४५ वर्षीया चञ्चलकली हात्तीको सुँड छ इन्च काटिएको छ । बाघमारा सामुदायिक वन जाने बाटोमा तीनवटा हात्ती एकै ठाउँमा बाँधेर राखिएकामा चञ्चलकलीको सुँड काटिएको थियो । काटिएको सुँडको भाग जोड्न नमिल्ने अवस्थामा रहेको र उपचारका बारेमा चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका चिकित्सक तथा प्राविधिकहरूबीच छलफल भइरहेको खतिवडाले बताए ।

हात्तीले खानका लागि आहारा तान्न र कुनै कुरा टिप्न सुँडको प्रयोग गर्छ । जिल्ला प्रहरी कार्यालयका उपरीक्षक रामेश्वर कार्कीले नेपाल प्रहरी र निकुञ्ज प्रशासनको सहयोगमा घटनाबारे अनुसन्धान भइरहेको बताए ।

# नारायणगढ–बुटवल सडक धमाधम कालोपत्र

नवलपुर, २२ चैत/रासस

विस्तारका क्रममा रहेको पूर्व–पश्चिम राजमार्गको नारायणगढ–बुटवल खण्डमा धमाधम कालोपत्र भइरहेको छ । गैंडाकोटको भेडाबारी क्षेत्रमा गरिएको परीक्षण सफल भएपछि कावासोती क्षेत्रमा हाल कालोपत्र काम भइरहेको छ ।

सडक निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेडका ठेक्का व्यवस्थापक राजेश झाले हालसम्म तीन किलोमिटरभन्दा बढी सडक कालोपत्र गरिएको जानकारी दिए । “हामीले यस वर्ष २० किलोमिटरभन्दा बढी कालोपत्र गर्ने योजनाका साथ काम गरिरहेका छौं,” उनले भने, “गैंडाकोटको भेडाबारीबाट झराही खोला, रजहरमा दुई किलोमिटर क्षेत्र तथा देवचुलीको लोकाहाबाट कावासोतीको डन्डासम्म कालोपत्र गर्ने गरी काम अगाडि बढाएका छौं ।” अहिले कालोपत्र भइरहेको क्षेत्रबाहेक थप पाँच किलोमिटर सडक कालोपत्रको तयारी छ ।

सडक विस्तारका लागि निर्माण कम्पनीले एक हजारभन्दा बढी जनशक्ति तथा दुई सय बढी उपकरणको प्रयोग गरिरहेको झाले बताए । सडक विस्तारका लागि ८० टिपर, ३० एक्साभेटर, १३ सेट रोलर र १३ सेट ग्रेडर तथा डोजरसहितका उपकरणको प्रयोग गरिएका छन् । डन्डास्थित अक्सपाल्ट प्लान्टबाट उत्पादित सामग्री लगेर


तस्वीरः फाइल

कालोपत्रको काम भइरहेको छ । चालू आर्थिक वर्षभित्र ५० प्रतिशत काम सक्ने लक्ष्य रहेको भएपनि वर्षात्लगायतका कारणले काममा ढिला हुन सक्ने ठेक्का व्यवस्थापक झाले बताए ।

नारायणगढ–बुटवल सडक विस्तार योजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनीयर धीरज ढकालले हालसम्मको प्रगति ३० दशमलव पाँच प्रतिशत रहेको बताए । हाल सो सडकमा कल्भर्ट निर्माणलगायत काम भइरहेको छ । उनले भने, “मासिक तीन प्रतिशतभन्दा बढी प्रगति हुने गरी काम भइरहेको छ ।”

सडक विस्तारका लागि माटो फिलिङ गर्ने, बिजुलीको पोल सार्ने काम सँगसँगै भइरहेको छ । सडक विस्तारका लागि आवश्यक पर्ने माटो, ढुङ्गा, गिट्टीलगायत कच्चा पदार्थको समस्या छैन । माटो तथा ढुङ्गा, गिट्टीका लागि स्थानीय तहले सहयोग गरेका छन् । चार वर्षअघि विस्तारको काम शुरू भएको नारायणगढ–बुटवल खण्डको शहरी क्षेत्रमा चार लेनका अतिरिक्त दुई लेन तथा ग्रामीण क्षेत्रमा चार लेनमा राजमार्ग फराकिलो गरिंदै छ । दाउन्ने पहाडको पाँच किलोमिटर क्षेत्रमा भौगोलिक अवस्थाका कारण सडक तीन लेन विस्तार गर्ने गरी ठेक्का सम्झौता गरिएको छ ।

# सुदखोर

सरकारी भाषामा जसलाई मिटरब्याजी भनिन्छ, हाम्रो स्थानीय भाषामा त्यसलाई सुदखोर भनिन्छ । अचेल ऋण दिने नाममा यस्ता मिटरब्याजीहरूले ऋणीको जायजेथा हडपेर उठीबास गराउन थालेका छन् । च्याउसरी खुलेका सरकारी र निजी बैंकहरूको उराठलाग्दो लम्बेतान नियम कानूनले गर्दा असहाय, निमुखा, गरीबहरू मिटरब्याजीहरूको शिकार बन्न बाध्य बनाइएका छन् । भनिन्छ, अधिकांश सुदखोर, मिटरब्याजीहरू कतै राजनीतिक संरक्षणप्राप्त छन् भने कतैकतै प्रशासनको आशीर्वादले धडल्लेले नागरिकहरूलाई सुकुमबासी बनाउँदै छन् । अशिक्षित ऋणीहरूलाई झुक्याएर घिनले यस्तो जालझेलवाला कागजात बनाएका हुन्छन् कि उल्टै पीडित नै कारबाहीमा परेको इतिहास पनि देखिन्छ ।

त्यसै पनि अचेल न्याय सिंहदरबार र बालुवाटारको चौहद्दीमा सीमित भएको छ । त्यसैले त कहिले निर्मला कुर्मीलाई न्याय दिलाउन महिलाहरू नेपालगंजबाट हिँडेरै काठमाडौं पुग्छन् भने सुदखोरपीडित महिलाहरूको एउटा समूह न्याय खोज्न पैदल मार्चपास गर्दै राजधानीमा डेरा जमाएर बसेका छन् । अचेल पृथ्वीनारायण शाहको पालाझैं गोर्खा पुगेर न्याय पाउने जमाना रहेन । निर्मला कुर्मीलाई न्याय खोज्न राजधानी पुगेकाहरूलाई हिस्याएर बेरङ्ग फिर्ता गरेझैं बर्दिबासबाट नङ्ग्या खियाएर काठमाडौं पुगेकाहरूलाई समेत 'हात्ती आयो हात्ती आयो फुस्सा' र 'हात लाग्यो शून्य' बनाएर फिर्ता गर्ने प्रपञ्च गरिदैछ । 'जबतक सास तबतक आस' भन्दै विभिन्न क्षेत्रका गद्दारहरूबाट समाधानको आशा राख्नु नै बेकार ।

किर्ते कागज बनाउने, बैंकसरह ऋण दिने, तिर्न नसक्नेलाई धम्क्याउने, उठीबास गर्ने, छल, बलपूर्वक जायजेथा

**मन्तव्य**



**कुमार रुपाखेती**

**मिटरब्याजी सुदखोरहरूलाई सरकारले गम्भीर आर्थिक अपराधी मान्छ र यस्ताहरूलाई नियन्त्रण गर्न सरकारले छोटेमोटे कमिटी पनि बनाएको छ । तर 'देख्नाको डाल खानको काल' जस्ता आँखामा छारो हाल्ने सरकारी कमिटीले अहिलेसम्म सिन्कोसम्म भाँचेको देखिदैन ।**

पीडितहरू यसरी विभिन्न हण्डर ठक्कर खाएर काठमाडौं पुग्ने हतोत्साहित भएर फर्किने चलन अचेल नेपाली गणतन्त्रको विशेषता र पहिचान नै बनेको छ । तर पीडितहरूका लागि न जिल्ला, न राजधानी कसैले पनि साथ दिएको देखिँदैन । मधेस प्रदेशबाट यत्रो महिला समूह रुँदै कराउँदै काठमाडौं पुगे र बाटोमा वा अन्य कतै पनि कुनै मधेसवादी दल पानी खुवाउनसमेत उपस्थित भएनन् । अहिले मधेसमा बारा क्षेत्र नं २ मा मधेसका मसिहा उपेन्द्र यादव र डा सिके राउतबीचको 'मधेसको हितकारी को ?' भन्ने लडाइँ नै चलेको छ । तर मधेसको यो महिला समूहलाई कुन सुखदोरले बिल्लबाठ बनायो भन्ने सोधखोज गर्ने फुर्सद नै छैन ।

आफ्नै क्षेत्रको पीडितहरूबारे सामान्य ज्ञान र जानकारी नराख्ने डा राउत र उपेन्द्र यादवहरूलाई मधेसको मसिहा भन्न मिल्छ र ? तर यी दुवै हस्ती एकअर्कालाई मधेसको गद्दार भनिरहन्छन् । अनि

मिटरब्याजी सुदखोरहरूलाई सरकारले गम्भीर आर्थिक अपराधी मान्छ र यस्ताहरूलाई नियन्त्रण गर्न सरकारले छोटेमोटे कमिटी पनि बनाएको छ । तर 'देख्नाको डाल खानको काल' जस्ता आँखामा छारो हाल्ने सरकारी कमिटीले अहिलेसम्म सिन्कोसम्म भाँचेको देखिँदैन । सरकारको चौथो अङ्ग भनाउँदाहरूसमेत यस्ता घटनाहरू जोडसोडले उठाउन कञ्जुस्याइँ गर्छन् । भारतमा अचेल प्रधानमन्त्री मोदीको पक्षमा अनापसनाप गर्ने पत्रकारहरूलाई गोदी पत्रकारको उपमा दिइन्छ । देखादेखी हाम्रोमा समेत अचेल सरकारी रहमोकरममा बाँच्ने, रमाउने पत्रकारहरूको भीडभाड बढेको देखिन्छ । भारतमा सत्ताधारी दल भाजपाले सबै पत्रकारलाई गोदी पत्रकारमा परिणत गर्न सक्छ भने हाम्रोमा त दश दल नै सरकारमा छ, अनि कुनै पत्रकार बाँकी रहँला त ?

वित्तीय लगानी गर्ने अधिकारबेगर हडप गर्ने, साँवाभन्दा अचाक्ली बढी ब्याज असुल्ने आदि इत्यादि प्रचलित कानूनविपरीत आर्थिक चलखेल गर्नेलाई सरकारी भाषामा मिटरब्याजी र हाम्रोमा सुदखोर भनिन्छ । कतिपयले त आफ्नो वित्तीय क्षमताभन्दा बढी लगानी गरेर सम्पत्ति शुद्धीकरण आयोगलाई समेत चुनौती दिइरहेका देखिन्छन् । मिटरब्याजी गम्भीर आर्थिक अपराधी साबित भइसक्दासमेत भागबन्डे सरकार कुम्भकर्णे निद्रामा देखिन्छ । कोर मधेसमा त अझैसम्म मिटरब्याजीहरू 'जो चोर उसैको ठूलो स्वर'को अवस्थामा छन् । नेपालका उद्योग वाणिज्य सङ्घ, जसले नेपालका उद्योगी, व्यापारीहरूको नेतृत्व गर्छ, अस्तित्वसम्म बैंकको चर्को ब्याज भन्दै लामो हडतालमा थियो तर अचाक्ली ब्याजको मारमा परेका आमजनताको बारेमा उद्योग वाणिज्य सङ्घहरू किन मौन छन्, यो रहस्यमय कुरो हो । उद्योग वाणिज्य सङ्घहरूले आफ्नो मात्रै समस्या देख्छन् रे !

# आर्थिक वृद्धिदर ४.१ र मुद्रास्फीति ७.४ प्रतिशत रहने

काठमाडौं, २२ चैत / रासस

एशियाली विकास बैंक (एडिबी)ले सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव एक प्रतिशतमा खुम्चने र मुद्रास्फीति सात दशमलव चार प्रतिशतसम्म पुग्ने प्रक्षेपण सार्वजनिक गरेको छ । "एशियन डेभलपमेन्ट आउटलुक, अप्रिल २०२३" प्रतिवेदनमार्फत एडिबीले यस्तो प्रक्षेपण सार्वजनिक गरेको हो ।

सन् २०२२ मा पाँच दशमलव आठ प्रतिशत अनुमान गरिएको नेपालको आर्थिक वृद्धिदर यस वर्ष थप खस्किने प्रक्षेपण गरिएको हो । "कसिलो मौद्रिक नीति, घट्दो आन्तरिक बजार माग, अपर्याप्त कोभिड महामारी पुनरुत्थानका कार्यक्रम र विश्वव्यापीरूपमा देखिएका समस्याको असर नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरमा देखिनेछ," एडिबीले भनेको छ । नेपालको पर्यटन क्षेत्र र विप्रेषण आप्रवाहमा विश्वव्यापी आर्थिकमन्दीको प्रत्यक्ष असर देखिन सक्ने एडिबीले जनाएको छ । त्यस्तै, पूँजीगत खर्च बढ्न नसक्नु, नतीजा केन्द्रित लगानी योजना नहुनु, वित्तीय व्यवस्थापनमा समस्या हुनु र आयोजना कार्यान्वयनका लागि पूर्वतयारीका काममा धेरै समय लाग्नुलाई न्यून आर्थिक वृद्धिदरको कारणका रूपमा देखाइएको छ ।

नेपालको अर्थतन्त्रमा बढी योगदान भएका कृषि, सेवा, उद्योग क्षेत्रलगायतको वृद्धिदरमा यस वर्ष गिरावट आउने अनुमान एडिबीको छ । "सन् २०२२ मा दुई दशमलव तीन प्रतिशत अनुमान गरिएको नेपालको कृषि क्षेत्रको वृद्धिदर यस वर्ष दुई प्रतिशतमा खुम्चिनेछ । त्यस्तै, सेवा क्षेत्र चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण छ," एडिबीको प्रतिवेदनमा भनिएको छ । सन् २०२२ मा सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव नौ प्रतिशत अनुमान गरिएकोमा यस वर्ष एक दशमलव पाँच प्रतिशत बिन्दुले घट्ने प्रक्षेपण गरिएको हो । उच्च ब्याजदर, केही वस्तुमा आयात प्रतिबन्धको नीति, गार्हस्थ्य खपतमा गिरावट र बाह्य वस्तुको उपभोगका कारण औद्योगिक क्षेत्रको वृद्धिदर खुम्चने अनुमान एडिबीको छ । त्यस्तै, घरजग्गा कारोबार र खुद्रा व्यापार क्षेत्रले अर्थतन्त्रमा पुऱ्याउने योगदानको वृद्धिदर पनि घट्ने अनुमान छ । सन् २०२३ मा नेपालले उच्च मूल्यवृद्धिको सामना गर्नुपर्ने अनुमान एडिबीको छ । यस वर्ष मूल्यवृद्धि सात दशमलव चार प्रतिशतसम्म पुग्ने अनुमान छ । सन् २०२२ मा नेपालको मूल्यवृद्धि छ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको थियो ।

तर अर्को वर्ष अर्थात् सन् २०२४ मा भने नेपालको मुद्रास्फीति केही नियन्त्रणमा आएर छ दशमलव दुई प्रतिशतमा कायम रहने अनुमान गरिएको छ । त्यस्तै, यस वर्ष सरकारको चालु खाता घाटा चार प्रतिशतले खुम्चने अनुमान गरिएको हो ।

एडिबीले सन् २०२३ मा एशियाली मुलुकको औसत आर्थिक वृद्धिदर चार दशमलव आठ प्रतिशत र औसत मुद्रास्फीति चार दशमलव दुई प्रतिशत रहने अनुमान गरेको छ । केही समयअघि मात्र विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर एक दशमलव सात प्रतिशतमा खुम्चने जनाएको थियो । उक्त प्रतिवेदनले नेपालको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०२२/२३ मा पाँच दशमलव एक र २०२३/२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण गरेको थियो ।

# सुनको मूल्यमा उच्च वृद्धिः बन्यो नयाँ रेकर्ड

काठमाडौं, २२ चैत / रासस

सुनचाँदी बजारमा सुनको मूल्यले नयाँ रेकर्ड बनाएको छ । आज नेपाली बजारमा छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख ११ हजार पुगेर हालसम्मकै उच्च भएको छ ।

अघिल्लो दिन प्रतितोला रु एक लाख नौ हजारमा कारोबार भएको उक्त सुनको मूल्य आज प्रतितोला रु दुई हजारले बढेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । यसअघि यही चैत ५ गते उक्त सुनको मूल्य उच्च रहँदै प्रतितोला रु एक लाख १० हजार पुगेको थियो ।

त्यस्तै, आज तेजावी सुनको मूल्य प्रतितोला रु एक लाख १० हजार ४५० छ । उक्त सुन अघिल्लो दिन रु एक लाख आठ हजार पाँच सयमा कारोबार भएको थियो । त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु ४० ले बढेर रु एक हजार ४४० पुगेको महासङ्घले जनाएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा हाल सुन प्रतिऔँस दुई हजार २४ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।




**डाँडागाउँ भ्यू प्वाइन्टबाट देखिएको सूर्योदय :** तनहुँ जिल्लाको म्याग्दे गाउँपालिका-७ स्थित डाँडा गाउँ भ्यू प्वाइन्टबाट देखिएको सूर्योदय । उक्त स्थानलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरिएको छ । तस्वीरः रासस

## फरक समाचार

# सबैभन्दा लामो रेलयात्रा कति दिनको हुन्छ ?

संसारमा रेल आज पनि यातायातको सबैभन्दा मनपर्ने र प्रमुख साधन हो । दुनियाँभरमा रेलको लामो दूरीको यात्रा गरिन्छ । तर तपाईलाई थाहा छ संसारको सबैभन्दा लामो रेल यात्रा कति दिनमा पुरा हुन्छ ?



संसारको सबैभन्दा लामो रेलयात्रा सात दिन २० घण्टा २५ मिनेटको हुन्छ । रूसको मस्को शहरबाट नर्थ कोरियाको प्योङयाङ शहरबीच चल्ने रेलले यति समय लिने गर्छ । मस्कोबाट प्योङयाङसम्मको यात्रा संसारको सबैभन्दा लामो रेलयात्रा हो । रूसको मस्कोबाट उत्तर कोरियाको शहर प्योङयाङसम्म १० हजार २१४ किलोमिटरको यात्रा ट्रान्स-साइबेरियन रेलले पूरा गर्दछ ।

यस लामो रुटमा चल्ने रेलले १६ वटा प्रमुख नदीलाई पार गर्छ र ८७ वटा शहर भएर गुजरिन्छ । एक सातासम्म हुने यस यात्राले यात्रीहरूको धैर्यको परीक्षा लिने गर्छ । साथै रेल यात्रामा प्राकृतिक सुन्दरता पनि हेर्न पाइन्छ ।

ट्रान्स-साइबेरियन रेलवेको सुरुआत सन् १९६१ मा भएको थियो । यस रेलसेवाले मस्कोबाट रूसकै ब्लादिवोस्तोकसम्मको यात्रा पनि गराउँछ । यो रुट दुनियाँको दोस्रो सबैभन्दा लामो रेलरुट हो ।

यस रुटमा चल्ने रेल पहाड र जङ्गल भएर गुजरिन्छ । प्योङयाङबाट शुरू हुने यात्रा उत्तर कोरियाबाट रूसको मास्को आउने यात्रीलाई एउटा ट्रेनकारले रूसको ब्लादिवोस्तोकसम्म लिएर जान्छ । यहाँ ट्रेनकार ब्लादिवोस्तोकबाट मस्कोको लागि जाने रेलको पछाडि जोडिन्छ । विशेष कुरा यो हो कि प्योङयाङबाट एकपटक ट्रेनकारमा सवार हुने यात्रीहरूलाई कतै पनि आफ्नो कोच बदलिनुपर्ने आवश्यकता रहँदैन । उत्तर कोरियाबाट महीनामा दुईपटक यो रेल रूस पुग्छ । यसै प्रकार रूसबाट प्योङयाङको लागि महीनामा चारपटक रेल चल्छ । मस्कोबाट चल्ने रेल प्योङयाङसम्म मात्रै पुग्दैन यो उत्तर कोरियाको तुमांगेन स्टेशनसम्म पुग्ने गर्छ ।

# प्लास्टिक बोतलको पछाडि सङ्ख्या किन लेखिएको हुन्छ

आजभोलि हरेक वस्तु प्लास्टिकमा भेटिन्छ । विशेषगरी पानीको बोतल पनि प्लास्टिकको नै हुने गरेको छ । प्लास्टिक स्वास्थ्यको लागि हानिकारक हुन्छ तर प्रश्न यो उठ्छ कुन प्लास्टिक स्वास्थ्यको लागि धेरै हानिकारक हुन्छ । प्लास्टिकको बोतलको तलपट्टिको भागमा एउटा नम्बर लेखिएको हुन्छ । यो नम्बरले प्लास्टिकको बोतल कति हानिकारक हुन्छ, त्यसबारे जानकारी दिन्छ ।




यदि प्लास्टिकको बोतलको तलपट्टिको भागमा तीन वा सात नम्बर लेखिएको छ भने त्यस्ता प्लास्टिकको बोतलमा हानिकारक तत्व जस्तै बिषिए मिसाइएको हुन्छ । त्यस्तै, प्लास्टिकको बोतलको तलपट्टिको भागमा त्रिकोण आकारमा एउटा नम्बर लेखिएको हुन्छ । यदि त्यसमा एक नम्बर लेखिएको छ भने यस प्लास्टिकको बोतललाई एकपटक मात्र प्रयोग गर्न सकिन्छ । यदि तपाई प्लास्टिकको बोतल पटक-पटक प्रयोग गर्न चाहनुहुन्छ भने बोतलको तलपट्टिको भागमा २, ४, ५ सङ्ख्या हेर्नुपर्छ । यस नम्बर भएको प्लास्टिकको बोतललाई पटक-पटक प्रयोग गर्न सकिन्छ र यसलाई सुरक्षित पनि मानिन्छ । त्यस्तै, यदि प्लास्टिकको बोतलमा ३, ६, ७ नम्बर लेखिएको छ भने यस्ता प्लास्टिकको बोतल पुनः प्रयोग गर्नुहुँदैन ।

**PET वा PETE लेखिएको अर्थः** घरमा अधिकांश प्रयोग हुने प्लास्टिकको बोतलमा यो कोड भेटिन्छ । सामान्यस्तरको गुणस्तरीय प्लास्टिक भएकोले यसमा यस्तो लेखिएको हुन्छ । कोल्ड ड्रिङ्क होस् वा पानीको बोतल जुन प्लास्टिकको डिब्बा वा बोतलमा घरको सामान ल्याउँछौं, त्यसमा यस्तो कोड भेटिन्छ । यस कोड भएको बोतललाई लामो समयसम्म प्रयोग गर्नाले स्वास्थ्यमा हानिकारक हुन सक्छ ।

# २७ वर्षको भइन् रश्मिका

अहिलेका युवाको ढुकढुकी दक्षिण भारतकी चर्चित अभिनेत्री रश्मिका मन्दाना आज २७ वर्ष भएकी छन् । पछिल्लोपटक उनी तमिल चलचित्र वरिसुमा देखिएकी थिइन् भने उनको आगामी चलचित्र रणवीर कपूरको एनिमलमा पनि देखिने भएकी छन् । उनले आफ्नो चलचित्र क्यारियरमा एकसे एक सुपरहिट चलचित्र दिएकी छन् । सामाजिक सञ्जालमा उनको थुप्रै फलोवर छन् ।



रश्मिकाले एउटा अन्तर्वार्तामा आफ्नो अभिनयको सुरुआतबारे बताएकी थिइन् । ब्युटी पेजेन्ट जितेपछि उनलाई एउटा चलचित्रमा लिड अभिनेत्रीको अभिनयको लागि फोन आएको थियो । तर उनले त्यसलाई मजाक ठानेर ब्लक गरेको बताइन् । रश्मिकाले पहिलोपटक सन् २०१६ मा किरिक पार्टीमा अभिनय सुरुआत गरेकी थिइन् । यो कन्नड चलचित्रले निकै धेरै कमाइ गऱ्यो र उनलाई सीमा अवार्ड दिइएको थियो । त्यस्तै, सन् २०१७ मा उनले दुईवटा कन्नड चलचित्र अञ्जनी पुत्र र चमकमा अभिनय गरिन् । त्यसपछि उनले थुप्रै तेलुगु र तमिल चलचित्रमा काम गरिन् । सन् २०२२ मा उनले मैसेबल इन्डियालाई अन्तर्वार्ता दिँदै भनिन्- किरिक पार्टी चलचित्रको लागि मलाई प्रोडक्शन हाउसबाट फोन आएको थियो तर मैले प्रैङ्क कल ठानेर नम्बरलाई ब्लक गरिदिए । तर निर्माताले मेरो साथी र शिक्षकको माध्यमबाट मसँग सम्पर्क गरे । शिक्षकको मार्गदर्शनमा मैले निर्मातासँग भेटे र चलचित्रमा अभिनय गर्ने मौका पाएँ । गत वर्ष तेलुगु चलचित्र पुष्पामा उनको अभिनय सराहनीय थियो । - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## वैशाख १२ गतेदेखि केदारनाथ मन्दिर खुल्ने




देहरादून, २२ चैत/एएनआई

आगामी वैशाख १२ गतेदेखि केदारनाथधाम भक्तजनका लागि खुला गरिने भएको छ। उत्तराखण्ड राज्यको पर्यटन विभागका अनुसार तीर्थयात्रीको सुविधालाई दृष्टिगत गरी भारतीय रेलवे र पर्यटन निगमलाई अनलाइन बुकिङको अनुमति दिइएको छ।

उत्तराखण्ड पर्यटन विकास परिषद्ले गत महीनाको प्रारम्भमा नै आगामी चारधाम तीर्थयात्राका लागि छ लाख ३४ हजार भक्तजन दर्ता भइसकेका जनाएको छ। सरकारी अधिकारीहरूले हिंडेर वा हेलिकप्टरबाट पनि केदारनाथ मन्दिरको यात्रा गर्न सकिने बताएका छन्।

परिषद्का अनुसार केदाननाथ यात्राका लागि दुई लाख ४१ हजार र बद्रीनाथका निम्ति दुई लाख एक हजार, यमनोत्री जान ९५ हजार १०७ जना र गङ्गोत्रीको यात्राका निम्ति ९६ हजार ४४९ जनाले आवश्यक प्रक्रिया पूरा गरेका छन्।

उत्तरखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले तीर्थयात्रीको स्वास्थ्यलाई उच्च प्राथमिकता दिंदै विभिन्न स्थानमा स्वास्थ्यकर्मीको टोली खटाइने बताएका छन्। यात्रा मार्गका ठाउँठाउँमा भक्तहरूको स्वास्थ्य परीक्षण गरिने उनले बताएका छन्।

यसैबीच, रुद्रप्रयाग जिल्ला प्रशासनले चारधाम यात्रामा आउने श्रद्धालुको सुविधाका निम्ति विभिन्न शिविर स्थापनालगायत आवश्यक तयारी गरिरहेको छ। उत्तराखण्डको चारधाम यात्रा भारतको सबैभन्दा लोकप्रिय हिन्दू तीर्थस्थल मानिन्छ। रासस

## अल अक्सा मस्जिदबाट ३५० भन्दा बढी पक्राउ

जेरुसेलम, २२ चैत/एएफपी

पूर्वी जेरुसेलमको पुरानो शहरस्थित अल अक्सा मस्जिदभित्र हिंसात्मक गतिविधिमा संलग्न भएको आरोपमा ३५० जनाभन्दा बढीलाई पक्राउ गरिएको छ।

मास्क लगाएर मस्जिदभित्र ढुङ्गामुढा गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको इजरायली प्रहरीले एक विज्ञप्ति निकालेर जनाएको छ।

जेरुसेलममा रहेका एएफपीका पत्रकारहरूले अल अक्सा मस्जिदभित्र बुधवार बिहानैदेखि झडप भएको बताएका छन्।

मस्जिदमा प्यालेस्टिनी समूह हमासका कार्यकर्ताले आक्रमण गरेका उनीहरूले जनाएका छन्। हमासले आफ्ना कार्यकर्तालाई मस्जिदमा सामूहिकरूपमा उपस्थित हुन आह्वान पनि गरेको थियो। रमजानको पवित्र महीनामा हजारौं भक्तजन प्रार्थनाका निम्ति अक्सामा आउने गर्छन्। रासस

## पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध ३४ वटा गम्भीर अपराधका अभियोग

न्युयोर्क, २२ चैत/एपी

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध अश्लील चलचित्रकी नायिकसँगको यौनसम्बन्ध दबाउन भारी रकम भुक्तानी गरेको, झूटा व्यावसायिक विवरण तयार पारेकालगायत ३४ वटा गम्भीर अपराधका अभियोग लगाइएको छ।

न्युयोर्कको एक अदालतले सन् २०१६ मा भएका ती घटनालाई लिएर मङ्गलवार पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध ती अभियोग लगाएको हो। अदालतमा उपस्थित उनले ती अभियोगहरूमा आफू दोषी नरहेको दाबी गरेका छन्। सन् २०१६ को राष्ट्रपतीय निर्वाचनअघि अश्लील चलचित्रकी नायिक स्टोर्मी डेनियलसँग यौनसम्पर्क गरेको र त्यसलाई दबाउन राष्ट्रपतिका प्रत्याशी ट्रम्पले उनलाई एक लाख ३० हजार अमेरिकी डलर दिएको अभियोग लगाइएको छ। डेनियलले आफूसँग सन् २००६ मा ट्रम्पले यौनसम्बन्ध कायम गरेको र त्यसलाई गोप्य राख्न रकम दिएको दाबी गरेकी छन्।

अमेरिकाको इतिहासमा फौजदारी अपराधको मुद्दा खेप्ने पहिलो पूर्वराष्ट्रपति उनको औंठा छाप मात्र लिइएको थियो। उनका कानून व्यवसायीले विश्वप्रख्यात उनको अनुहारको तस्बिर लिन आवश्यक नभएको बताएका थिए। अभियोजकहरूले पनि उनको तस्बिर नलिई ट्रम्पलाई अदालतमा प्रस्तुत गरेका थिए। उनलाई हत्कडी पनि लगाइएको थिएन। अदालतमा उनी आफ्ना कानून व्यवसायीहरूसँगै बसेका थिए। अदालतमा उनी शान्त तर गम्भीर थिए। करीब एक घण्टाको सुनुवाइपछि उनी अदालतबाट बाहिरिएका थिए।

अदालतबाट बाहिरिनेबित्तिकै ट्रम्प फ्लोरिडा फर्केका छन्। उनी अदालतबाट बाहिरिंदा उनका समर्थकहरूले उनीमाथि लगाइएका अभियोग र मुद्दा देशको अपमान भएको टिप्पणी गरेका थिए। आफूमाथिको मुद्दा राजनीतिकरूपमा प्रेरित भएको भन्दै उनले न्यायाधीश र अभियोजकहरूको पनि आलोचना गरे। विनाप्रमाण आफूमाथि दोष लगाइएको दाबी पनि उनले गरे। "अमेरिकामा यस्तो हुन सक्छ भन्ने मैले कहिल्यै कल्पना पनि गरेको थिइनँ। आगामी राष्ट्रपतीय चुनावलाई प्रभावित पार्न यो झूटा मुद्दा लगाइएको हो। यो तत्काल खारेज हुनुपर्छ," उनले भने।

न्यायाधीश जुआन मर्चनले उनीमाथि कुनै आदेश जारी नगरे पनि दुवै पक्षलाई संयमित भएर शिष्ट भाषामा ध्यान आग्रह गरे। उनले आफूमाथि लगाइएको मुद्दाविरुद्धको आगामी अगस्तसम्ममा प्रस्ताव पेश गर्नुपर्नेछ। अदालतको अर्को सुनुवाइ डिसेम्बरमा हुनेछ।

पूर्वराष्ट्रपति ट्रम्पमाथि अरू मुद्दा पनि लाग्न सक्ने सम्भावना छ। उनीमाथि जर्जिया राज्यमा सन् २०२० को राष्ट्रपतीय निर्वाचनको नतीजामा हस्तक्षेपको प्रयास गरेको तथा अमेरिकी संसद्मा जनवरी ६ मा दङ्गा गराएको सम्बन्धमा पनि अनुसन्धान भइरहेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – उदरपीडा | कर्कट – मित्रमिलन |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – अलमल | वृश्चिक – धनलाभ |
| धनु – प्रगति | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – नारीसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिका कार्यालयको अपिल

- गर्मीयाम शुरु भएसँगै झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायतका रोगको जोखिम बढीहुनेहुँदा व्यक्तिगत सरसफाई र जनस्वास्थ्यको मापदण्डका पालना गरौं।
- बासी सढेगलेका खानेकुरा नखाऔं।
- खानालाई सधैं छोपेर राखौं।
- काचै खान मिल्ने फलफुल र तरकारीको सफा सँग धोएर मात्र खाऔं।
- खाना खानु अघि र पछि तथा शौचालयको प्रयोग गरेपछि अनिवार्य साबुन पनीले मिचि मिचि हात धुने बानी बसालौं।
- आफ्नो घर वरपर सफा राखौं, रोग लाग्नबाट बचौं।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## वीउवासङ्घका नवनिर्वाचित पदाधिकारीहरूलाई सम्मान

प्रस, वीरगंज, २२ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घका नगरप्रमुखको कार्यकक्षमा आज वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, अनोज रूँगटा, सचिवद्वय प्रेमचन्द्र गोयल, सुजान चाचान, सहसचिवद्वय नरेश टिबडेवाल



नवनिर्वाचित पदाधिकारी सदस्यहरूलाई नगरप्रमुख राजेशमान सिंहले बुधवार सम्मान गरेका छन्। वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल, महासचिव आशिष लाठ, कोषाध्यक्ष शिवजी कलवार, सहकोषाध्यक्ष र नीरज अग्रवालसहितलाई नगरप्रमुख सिंहले खादा, माला, अबिर, टीका लगाएर आफ्नो कार्यकक्षमा सम्मान गरेका थिए।

## मावि मुडवलवा परीक्षा केन्द्रबाट नक्कली परीक्षार्थी पक्राउ

प्रस, रौतहट, २२ चैत/

मावि मुडवलवा परीक्षा केन्द्रबाट बुधवार एकजना नक्कली परीक्षार्थी पक्राउ परेको छ। पक्राउ पर्नेमा सिम्बल नम्बर ०३५००२५७ भएको नुरैन खानको सट्टामा ईशनाथ नगरपालिका वडा नं १ बस्ने विष्णुबहादुर मालीले परीक्षा दिइरहेको अवस्थामा पक्राउ परेको हो। नक्कली परीक्षार्थी सहभागी गराएको अभियोगमा नुरैन खानको परीक्षा रद्द गरिएको छ।

## जीतपुरमा चार दिने गायत्री महायज्ञ शुरू


तस्वीरः प्रतीक

प्रस, जीतपुर, २२ चैत/

जीतपुरसिमरा उपमहानगरपालिकास्थित जीतपुरको बङ्गाली बाबा आश्रममा बुधवारदेखि चार दिने २४ कुण्डीय गायत्री महायज्ञ शुरू भएको छ।

वडा नं ७ जीतपुरको केराढोकास्थित बङ्गाली बाबा आश्रममा गायत्री तीर्थ शान्तिकुञ्ज हरिद्वारको तत्त्वावधानमा २४ कुण्डीय वेदमाता गायत्री महायज्ञको आयोजना गरिएको हो।

महायज्ञको पहिलो दिन यज्ञस्थलबाट शुरू गरिएको शोभायात्रासहित कलशयात्राले नगरपरिक्रमा गर्दै वडा नं ५ स्थित दुधौरो खोलाबाट जल भरेर पुनः यज्ञस्थलमा फर्किएर महायज्ञमा परिणत भएको जीतपुर हिन्दू समाज गायत्री महायज्ञ समितिका अध्यक्ष शिवजी साह सोनारले बताए। सो अवसरमा प्रतिनिधिसभा सदस्य देवनारायण चौधरीले दीप प्रज्वलित गरी महायज्ञको शुभारम्भ गरेका थिए।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेल, वडा नं ७ का अध्यक्ष सुनील गुप्तालगायतको सहभागिता थियो।

महायज्ञमा बिहीवार चैत २३ देखि २५ गते शनिवारसम्म बिहान ७ देखि ११ बजेसम्म गायत्री हवन गरिने र प्रत्येक दिन बेलुकी ५ बजेको सन्ध्या आरतीपश्चात् राति ९ बजेसम्म हरिद्वारका आचार्यको मुखारबिन्दबाट सङ्गीतमय प्रवचन गरिने आयोजक समितिका अध्यक्ष सोनारले बताए।

२४ कुण्डीय वेदमाता गायत्री महायज्ञको हवनका लागि २४ जना दाम्पती यज्ञको पूर्णताको लागि वेदीमा बसेको आयोजकले जनाएको छ।

## अखिल नेपाल किसान महासङ्घको विस्तारित बैठक शुरू

प्रस, सिम्रौनगढ, २२ चैत/

अखिल नेपाल किसान महासङ्घ राष्ट्रिय समितिको बिस्तारित बैठक बुधवारदेखि सिम्रौनगढ नगरपालिका–८ कचोर्वास्थित जनता माध्यमिक विद्यालयको प्राङ्गणमा शुरू भएको छ।

तीन दिनसम्म विस्तारित बैठकको पहिलो दिन आज महासङ्घको घटकहरु जस्तैः पशुपालन किसान, महिला किसान, युवा किसान, खाद्यबाली किसान, माछा पालक किसान, तरकारी उत्पादन किसान सङ्घलगायतको पुनर्गठन गर्ने भएको छ।

यसैगरी दोस्रो दिन नेकपा एकीकृत समाजवादीका राष्ट्रिय अध्यक्ष माधवकुमार नेपालले बैठकमा सम्बोधन गर्ने र तेस्रो दिन बैठक समापन हुने महासङ्घका मधेस प्रदेश अध्यक्ष बतहु यादवले बताए।

अखिल नेपाल किसान महासङ्घ राष्ट्रिय समितिको आयोजनामा भइरहेको बिस्तारित बैठकमा नेपालको ७७ जिल्लाबाट चारसय जना प्रतिनिधिहरू सहभागी भएको सदस्य रामदिनेशप्रसाद यादवले बताएका छन्।

### सूर्य नेपालद्वारा नेरामावि ...

(अघिल्लो पृष्ठबाट) ...

गरे।

विद्यालयका प्रअ शम्भु मण्डलले विद्यालयले आगामी वर्ष ५०औं वार्षिकोत्सवदेखि प्राविधिक शिक्षा सञ्चालनको तयारी गरेको र त्यसका लागि आवश्यक इल्याब सञ्चालनको लागि सूर्य नेपालले कम्प्युटर सेट, फर्निचरहरू सहयोग गरेकामा आभार व्यक्त गरे। उनले लामो समयदेखि विद्यालय सञ्चालनमा भएपनि शैक्षिक क्षेत्रमा फड्को मार्न नसकेको र त्यसको प्रमुख कारण भौतिक र प्राविधिक संरचनाहरूको अभाव प्रमुख कारण रहेको बताए।

सूर्य नेपालका कारखाना व्यवस्थापक श्रेष्ठले सूर्य नेपालले शैक्षिक गुणस्तर वृद्धिका लागि सहयोग गर्दै आएको र आगामी दिनमा पनि सक्दो सहयोग गर्ने बताए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामदास धौजु, सामुदायिक वनका अध्यक्ष शेषल मुल्मी, सूर्य नेपालका एचआर प्रमुख विनयराज गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

मधेस प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्सा
वीरगंज

दररेट पेश गर्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७९/१२/२३ गते

आव २०७९/८० को कृषि ज्ञान केन्द्र, पर्साको स्वीकृत वार्षिक कार्यक्रम सिंचाइ व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो टच्युबवेल/मोटर कार्यक्रम क्रम सङ्ख्या ११.३.१०.३५, खर्च शीर्षक ३११२२) सञ्चालन गर्नलाई संलग्न स्पेशिफिकेशन अनुसारका सामग्रीहरू के कति दररेटमा सप्लाइ गर्न सक्ने हो सोको सिलबन्दी साथै नियमानुसार सप्लायर्स फर्मको सूचीकृतसहित ७ (सात) दिन (मिति २०७९/१२/२३ गतेदेखि २०७९/१२/२९ गतेसम्म)भित्र यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(नोटः स्पेशिफिकेशन कृषि ज्ञान केन्द्र, पर्साबाट उपलब्ध हुनेछ।)

# नगरप्रमुखद्वारा श्रीसिया नदी प्रदूषण गर्ने उद्योगहरूको अनुगमन

प्रस, वीरगंज, २२ चैत/

वीरगंज महानगरका नगरप्रमुख राजेशमान सिंहलगायतको टोलीले बुधवार श्रीसिया नदी प्रदूषणमुक्त बनाउन अभियान अन्तर्गत पाँचवटा उद्योगको अनुगमन गरेको छ।


तस्वीरः सौजन्य

वीमनपाले श्रीसिया नदीसँग जोडिएका उद्योगहरूलाई पानी प्रशोधन गरेर मात्र नदीमा विसर्जन गर्न पटकपटक गर्दै आएको आग्रह र पछिल्लो चरणमा जरिवाना गर्दासमेत अटेर गरेका कारण चेतावनी दिनका लागि आज उद्योगहरूको अनुगमन गरिएको बताइएको छ।

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, प्रहरी निरीक्षक मनीषा लौडारीसहितको टोलीले वीरगंज मनपा-२१ परवानीपुरस्थित ऋद्धिसिद्धि टेक्साइटाइल प्रालि, अरनिका प्रोसेसिङ, पन्ना पेपर, ग्लोबल लेदर र मरियम लेदर उद्योग प्रालिमा अनुगमन गरेको र ती उद्योगहरूले पानी प्रशोधन नगरेर सीधैं उद्योगको प्रदूषित पानी उद्योगमा विसर्जन गरेको पाइएको महानगरले जनाएको छ।

नगरप्रमुख सिंहले उद्योगहरूले महानगरको निर्देशन पालना नगरेको, अटेर गरेर प्रदूषित पानी बगाउँदै महानगरको श्रीसिया नदी सफा पार्ने अभियानमा बाधक भएको भन्दै उद्योगहरूलाई कारबाई हुने चेतावनी दिएका छन्। सप्रजिअ पौडेलले उद्योग सञ्चालन गर्दा वातावरण संरक्षणलाई प्राथमिकता दिनुपर्नेमा श्रीसिया नदीसँग जोडिएका उद्योगहरूले बेवास्ता गरेर नदी प्रदूषित गरिरहेको बताए। उनले ती उद्योगहरूको लापरवाही जोकोहीले स्पष्ट देख्न सक्ने बताउँदै उद्योगहरूले मानिसको आँखामा धूलो छर्ने उद्देश्यले पानी प्रशोधन केन्द्र राखेको तर दूषित पानी नै नदीमा विसर्जन गरिरहेको बताए।

प्रमुख प्रशासकीय अधिकृत पौडेलले महानगरको नदी प्रदूषणमुक्त अभियानमा उद्योगहरू बाधक भएको र उनीहरूलाई कारबाई हुने बताए। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले श्रीसिया नदीको प्रदूषण हटाउने दीर्घकालीन समाधानको बाटो खोजिनुपर्ने बताए। उनले नदी सफा गर्ने सबैको सरोकारको विषय भएको र तत्कालको लागि मात्र नदी सफा गर्नुको साटो सबैले हातेमालो गरेर यसको दीर्घकालीन समाधान गर्नुपर्ने बताए।

महानगरले यसअघि श्रीसिया नदी प्रदूषण गर्ने पाँचवटा उद्योगलाई जनही तीन/तीन लाख जरिवाना गरेको थियो।



श्रीसिया नदी प्रदूषणमुक्त अभियानका लागि मनपाले उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा समिति बनाएको छ र सो समितिले साताको मङ्गलवार उद्योगहरूको अनुगमनका साथै सचेत गराउने र पछिल्लो समयमा जरिवाना पनि गरेको थियो।

# सूर्य नेपालद्वारा नेरामावि पथलैयामा इल्याब सञ्चालन

प्रस, वीरगंज, २२ चैत/

सूर्य नेपाल प्रालि, सिमराले जीतपुरसिमरा उपमहानगर-१ स्थित नेरामावि, पथलैयालाई इल्याब सञ्चालनको लागि कम्प्युटर सेट र फर्निचरहरू उपलब्ध गराएको छ।



तस्वीरः प्रतीक

सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले बुधवार एक कार्यक्रमबीच विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कल्याण आर्यलाई १५ थान कम्प्युटर सेट र सोमा प्रयोग हुने फर्निचरहरू हस्तान्तरण गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष हीराबहादुर गुरुगले सूर्य नेपालले पथलैयावासीलाई गुण लगाउँदै आएको बताए। उनले कोरोनाकालमा चार सय मानिसलाई भोजन व्यवस्थापन गरेको र विद्यालयलाई निरन्तर सहयोग गर्दै आएको भनी सूर्य नेपालको प्रशंसा

(बाँकी पाँचौं पातामा)




# खेलकूदको संसार

## महिला ओलम्पिक छनोटमा नेपाल पराजित

काठमाडौं, २२ चैत/रासस

फ्रान्सको पेरिसमा आयोजना हुने महिला ओलम्पिक फूटबल २०२४ को एशिया छनोट अन्तर्गत पहिलो चरणको खेलमा नेपाल भियतनामसँग पराजित भएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधवार भएको पहिलो खेलमा भियतनामले नेपाललाई ५-१ गोलअन्तरले पराजित गरेको हो। भियतनामको जीतमा कप्तान हुन्ह न्हुले दुई गोल गरिन् भने फाम हाई यन, एनगुएन थि बीच थुए र एनगुएन थि नाले एक/एक गोल गरे।

नेपालका लागि सावित्रा भण्डारीले एक गोल फर्काइन्। खेलको ११औं मिनेटमा फाम हाइ यनले गोल गर्दै भियतनामलाई सुरुआती अग्रता दिलाइन्। उनले एनगुएन थिबीच थुएको क्रसमा सहजै गोल गरिन्।

त्यस्तै, खेलको ३६औं मिनेटमा भियतनामकी कप्तान हुन्ह न्हुले पेनाल्टीमार्फत गोल गर्दै आफनो टोलीको अग्रता दोब्बर बनाइन्। कप्तान न्हुकै प्रहारमा नेपालकी समीक्षा घिमिरेले ह्यान्डबल गरेपछि भियतनामले पेनाल्टी पाएको थियो। जसको सदुपयोग भियतनामकी कप्तानले गरिन्।

यसैगरी, खेलको ३८औं मिनेटमा एनगुएन थि बिच थुएले गोल गरेपछि पहिलो हाफमा भियतनाम ३-० गोलअन्तरले अगाडि रह्यो। खेलको दोस्रो हाफमा भियतनामले दुई गोल थप्यो। खेलको ४८औं मिनेटमा थि लोनको क्रसमा कप्तान न्हुले हेडरमार्फत व्यक्तिगत दोस्रो गोल गरिन्।

खेलको ७९औं मिनेटमा नेपालकी सावित्राले एक गोल गरिन्। उनले सरु लिम्बूको पासलाई सदुपयोग गर्दै गोल गरिन्। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा एनगुएन थिले गोल गर्दै भियतनामलाई ५-१ को जीत दिलाइन्।

एशियाली छनोटको समूह 'सी'मा रहेको नेपालले अब शनिवार भियतनामसँग दोस्रो खेल खेल्नेछ। यस समूहमा रहेका प्यालेस्टाइन र अफगानिस्तानले खेल नखेल्ने भन्दै नाम फिर्ता लिएपछि दुई टोलीको मात्र सहभागिता रहेको हो। यस समूहमा शीर्ष स्थान हासिल गर्ने टोली दोस्रो चरणमा पुग्नेछन्।

# २४८ जना छात्रालाई साइकल बाँड्दै

प्रस, परवानीपुर, २२ चैत/

बाराको प्रसौनी गाउँपालिकाले आफ्नै बजेटमा २४८ जना छात्रालाई साइकल बाँड्ने अभियान चलाएको छ।


तस्वीरः प्रतीक

तीन दिनदेखि गाउँपालिकाले कक्षा ९ मा पढ्ने छात्राहरूको लागि साइकल वितरण गर्ने कार्य गरिरहेको गापा अध्यक्ष विनोदकुमार जैसवालले बताए।

आज नेरामावि खुटुवा र बेंगासाह माविका छात्राहरूलाई साइकल वितरण गरिएको थियो।

प्रसौनीमा रहेका छवटा माविका कक्षा ९ का छात्राहरूलाई जनही मूअकरबाहेक आठ हजार दुई सय पर्ने साइकल वितरण गरिरहेको छ।

गापाले मूअकरबाहेक २० लाख ३३ हजार बजेट बराबरको साइकल बाँडिरहेको गापा उपाध्यक्ष किरण देवीले बताइन्।

छात्राहरूलाई शिक्षाप्रति रुचि बढाउन र घरबाट विद्यालय आउजाउ गर्न सुविधा प्रदान गर्न गापाले यस्तो कार्यक्रम ल्याएको हो। साइकल खरीद टेन्डरमार्फत भएको हो।

# गाँजासहित तीनजना दाजुभाई पक्राउ

प्रस, पर्सागढी, २२ चैत/

प्रहरीले १० किलो गाँजासहित तीनजना दाजुभाइलाई पक्राउ गरेको छ।

वीरगंज महानगर-२९ मुसौलीमा आज एकजनाको घरमा छापामारी गरेको र गाँजा बरामद भएपछि बुलेट साह, मिथुन साह, गोविन्द साहलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ। प्रहरी चौकी मिलन चोक, बडनिहार र मनवासहितको टोलीले छापामारी गरेर गाँजा बरामद गरेको थियो।

पक्राउ पर्ने तीनजना दाजुभाइ भएका र उनीहरूलाई आवश्यक कारबाईको लागि जिप्रका, पर्सा चलान गरिएको इप्रका, पटेवासुगौलीले जनाएको छ।

# ठोरीमा आतङ्क मच्चाउने बाघ नियन्त्रण


तस्वीरः सौजन्य

नितेश कर्ण, वीरगंज २२ चैत/

ठोरीमा आतङ्क मच्चाउने बाघलाई आज राति पौने एक बजे नियन्त्रणमा लिइएको छ।

निरन्तरको प्रयासपछि प्राविधिकको टोलीले कुसुमवाटिका मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत पर्ने पुल्चोक सामुदायिक वनबाट आज राति १२:४५ मा नियन्त्रणमा लिइएको हो।

ठोरी गाउँपालिका-४ विजयबस्ती, घ्याङडाँडा र मानेचोकका स्थानीयले पालेका बाख्रा सखाप पार्ने बाघलाई छैटौं दिनमा नियन्त्रणमा लिएको समितिका अध्यक्ष बुद्ध पाख्रिनले बताए।

चितवन राष्ट्रिय निकुञ्जका प्राविधिक टोली, चिकित्सक, प्राविधिक सुटर तीर्थ लामा, दीप थारू, पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी एवं स्थानीयको सक्रियतामा बाघलाई नियन्त्रणमा लिएको हो।

## चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं

**चट्याङबाट बच्न, घरबाहिर हुनुहुन्छ भने,**
- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबारनजीक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**
- विद्युतीय सामग्रीहरू जस्तै टिभी, कम्प्युटर, फ्रिज, वाशिङ मेशिननजीक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जातीय ...**

भरपूर सहयोग र साथ दिने वचन दिए।

अध्यक्ष ओलीले एमाले सरकारमा भएको बेला तराई-मधेसमा विकासको लहर ल्याएको दाबी गरे। साढे तीन वर्षको एमाले सरकारमा बहुप्रतीक्षित हुलाकी राजमार्ग, मदन भण्डारी लोकमार्ग, प्रत्येक पालिकामा स्वास्थ्य संस्था भवन जस्ता राष्ट्रिय गौरवका योजनाहरू ल्याएको बताए। उनले एमाले नेतृत्वको सरकारमा मधेसमा जनता आवास कार्यक्रम ल्याएर हजारौं गरीब, दलितलाई पक्की घर बनाएर दिएको बताए।

यसैगरी, वीरगंज, जनकपुरजस्ता ठूला शहरमा चार र छ लेनको सडक पनि आफू प्रधानमन्त्री भएको बेलामा निर्माण भएको उनले बताए। एमालेलाई मधेसमा निषेध गर्ने नारा घन्काएको बेलामा एमाले नेतृत्वको सरकारले एक लाख २२ हजार हेक्टर जग्गामा सिंचाइ हुनेगरी सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना ल्याएको पनि बताए।

ओबिसीका अध्यक्ष तेजप्रकाश निषादको अध्यक्षतामा भएको उद्घाटनसत्रमा सांसद रघुवीर महासेठ, एमाले पर्साका संयोजक डा विश्वम्भर शर्माले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

**गुठीको ...**

कार्यालय पर्साका प्रमुख नारायण श्रेष्ठ, महानगरपालिकाका सचिवालय सल्लाहकार हरि पोखरेल, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, नगर प्रहरी प्रमुख हरि भुसाल, अमिन देवलाल प्रसाद, उमेशप्रसाद साह, नथुनी मण्डल, अनिल पण्डित, सुरेन्द्र ठाकुरसहितको टोली खटेको थियो।